# कोरोना प्रभावितहरुलाइ राहत वितरण कार्यविधि २०७६

प्रस्तावना

विश्वमा फैलिएको कोरोना भाइरसवाट देश लगायत विश्ववनै आतंकीत भइरहेको अहिलेको अवस्थामा यस गाउपालिका पनि अछुतो रहने संभावना रहेन । त्यस रोगलाइ हाम्रो देशम फैलिनको नदिनको लागी संघिय सरकावाट मिति २०७६/१२/११ गतेदेखि २०७६/१२ २५ गतेसम्म लक डाउन गरिएको परिवेशमा यस गाउपालिका स्थानीय दैनिक ज्यालादारी गरि खाने आम जनताहरुलाइ रोगको भन्दा पनि भोकको समस्याले ग्रशित गरेको परिवेशमा यस गाउपालिकाले हुन सक्ने सम्म स्थानिय दैनिक ज्यालादारि गरि आफ्नो पेट पाल्ने जनतालाइ केहि मात्रामा अस्थायी राहत वितरणको व्यवस्था गर्नको स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि मकवानपुरगढी गाउपालिकामाक्षेत्र भित्रका दैनिक ज्यालादारी नगरी खान नपुग्ने स्थानिय वासिहरुको लागी राहत वितरण कार्य मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाउ कार्यापालिकाको मिति २०७६/१२/१८ गते वसेकोवैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम "कोरोना प्रभावितहरुलाइ राहत वितरण कार्यविधि २०७६" रहने छ ।

२. यो कार्यविधि मकवानपुरगढी गाउकार्यापालिकाको वैठकले पारित गरेको मिति देखि लागु हुने छ ।

२ परिभाषाः विषय वा प्रसंङगले अर्को अर्थ नलागेमा यस ऐनमाः .

क. "कार्यालय " भन्नाले यस मकवानपुरगढी गाउकार्यापालिकाको कार्यालय सम्झनु पर्छ ।

ख. " लक्षीत वर्ग" भन्नाले यस गाउपालिकामा वसोवास गर्ने दैनीक ज्यालादारी गरि खान पर्ने परिवार सम्झनु पर्छ ।

ग. "गाउपालिका" भन्नाले मकवानपुरगढि गाउपालिकालाई जनाउने छ ।

घ. "कार्यपालिका" भन्नाले मकवानपुरगढि गाउकार्यपालिका सम्झनुपर्छ ।

ङ. " सुविधा" भन्नाले संघिय सरकारले गरेको लक डाउन अवधिलाइ सम्झनु पर्छ ।

छ. "कार्यविधि" भन्नाले कोरोना प्रभावितहरुलाइ राहत वितरण कार्यविधि २०७६सम्झनु पर्छ ।

च. "स्थायी वासिन्दा भन्नाले" भन्नाले यस गाउपालिकाको नागरीकता प्रमाण पत्र भएको व्यक्ती सम्झनु पर्छ ।

३. उदेश्यः यस कार्यविधिको उदेश्य देहाय वमोजिम हुनेछ ।

क. नेपाल सरकारवाट गरिएको लक डाउनलाइ पुर्ण सफल वनाउन

ख. स्थानिय वासिन्दालाइ रोगले भन्दा भोकले नसताउसो भनेर ।

ग. स्थानिय सरकारको उपस्थिति देखाउन ।

प्रमुख प्रशासकीय अधिकृत

४. **ज्यालादारि परिवार छनौट तथा अनुगमन समिति** समितिः गाउपालिका भित्रका ज्यालादारि तथा गरिव परिवार छनौट गर्नको लागी प्रत्येक वडामा निम्न एक समिति रहने छ ।

| | |
|---|---|
| वडाको वडा अध्यक्ष | संयोजक |
| उक्त वडामा रहेका गाउ कार्यापालिका सदस्य | सदस्य |
| टोल विकास संस्थाको प्रतिनिधि ३ जना | सदस्य |
| राजनितिक पाटिका स्थानिय प्रतिनिधि | सदस्य |
| वडा अध्यक्षले तोकेको व्यक्ती | सदस्य सचिव |

२. **छनौट तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क. लक्षित वर्गको पहिचान गरि गाउ कार्यापालिकामा जानकारी गराउने ।

ख. गाउपालिका वाट उपलव्ध गराएको संघिय सरकार वा प्रदेश सरकार वाट स्वीकृत लिएकासंघ संस्थावाट प्राप्त राहत सामाग्रि वितरण गर्ने ।

ग . उनिहरुलाइ सुरक्षित लक डाउनमा राख्ने ।

घ. छनौट समितिले गृह मन्त्रालयको मिति २०७६/१२/१६ गतेको परिपत्रलाइ आधार मानि लक्षित वर्ग छनौट गर्नु पर्ने छ ।

ङ. छनौट समितिले ३ दिन भित्र रेकर्ड गाउपालिकामा पेश गर्नु पर्ने छ ।

च. तोकिएको पसलवाट कुपन दिइ सामाग्रि उपलव्ध गराइनेछ ।

**५. लक्षीत वर्ग छनौटका मपदण्डहरु**

क. गाउपालिकाको स्थायी वासिन्दा

ख. गाउमा वसोवास गरि मजदुरी गरी रहेको ।

ग. कमाइ गर्ने जग्गा नभएको ।

घ. घरमा राज्य तहवाट कुनै सुविधा वा तलव प्राप्त नभएको ।

ङ. यस अघि कुनै पनि व्यवसाय नगरेको ।

च. कुनै पनि सदस्य वैदेशिक रोजगार तथा अन्यत्र रोजगारीका लागी नगएको ।

६. **कार्यक्रम संचालनः** यो कार्यक्रम नेपाल सरकारले लक डाउन गरेको अवधि भित्र गाउपालिका भित्रका क्षेत्रहरुमा तपसिल वमोजिमका खाध्य सामाग्रि सहितको एक पाकेट सामाग्रि राहत स्वरुप वितरण गरिन छ ।

तपसिल

| ३ जना परिवारसम्मको | | ३-५ जना माथिका परिवार | ५ जना भन्दा वढि परिवारको |
|---|---|---|---|
| क. चामल | १० केजि | १५ केजि | २५ केजि |
| ख. दाल. | २ केजि | २ केजि | ३ केजि |
| ग तेल. | १/२ लिटर | १ लिटर | लिटर |
| घ. नुन | १ पाकेट | २ पाकेट | ३ पाकेट |
| ङ नुहाउने सावुन | २ वटा | ४ वटा | ६ वटा |
| च. वेसार | २०० ग्राम | २०० ग्राम | २०० ग्राम |

७. यस कार्यक्रम नेपाल सरकार तथा वागमति प्रदेश सरकारको नितिगत निर्णय अनुसार थप घट गरि राहत प्याकेज वनाइ कार्यावन्यन गरिने छ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

८. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाइ प्रभावकारी र व्यवस्थित वनाउन अन्य संघिय तथा प्रदेश सरकारवाट कार्यावन्यन हुने राहात कार्यक्रमसंग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

९.**संशोधनः** यो कार्यविधि कार्यावन्यन सम्वन्धी वाधा अडचन गाउकार्यापालिकाको वैठकले फुकाउने छ ।

१०. **वचाउः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत